समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/१०/०७

संशोधनः समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ पहिलो संशोधन मितिः २०८२/०१/१४

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः अर्थ मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः मा. उपप्रधानमन्त्री तथा अर्थ मन्त्री
३. निर्णय मितिः २०८२/०१/१४
४. दर्ता नं. र मितिः ०४/०८२, २०८२/०२/०२

प्रस्तावनाः प्रदेश वा स्थानीय तहको सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमा सन्तुलन कायम गरी प्राथमिकताप्राप्त आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न न्यायोचित रूपले समपूरक अनुदान उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अर्थ मन्त्रालय" भन्नाले नेपाल सरकारको अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ख) "आयोजना वा कार्यक्रम" भन्नाले समपूरक अनुदानमा सञ्चालन गरिने दफा ३ को उपदफा (१) बमोजिमको आयोजना वा कार्यक्रम सम्झनु पर्छ।

(ग) "प्रदेश योजना आयोग" भन्नाले सम्बन्धित प्रदेशको प्रदेश नीति तथा योजना आयोग वा प्रदेश योजना आयोग सम्झनु पर्छ।

(घ) "योजना आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(च) "समपूरक अनुदान" भन्नाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिमको समपूरक अनुदान सम्झनु पर्छ।

(छ) "सम्बन्धित मन्त्रालय" भन्नाले आयोजना वा कार्यक्रमसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ६ बमोजिमको आयोजना वा कार्यक्रम सिफारिस समिति सम्झनु पर्छ।

३. **समपूरक अनुदान प्रदान गरिने क्षेत्र र रकमको सीमाः** (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गरिने भौतिक पूर्वाधार विकाससँग सम्बन्धित देहायका आयोजना वा कार्यक्रमको लागि समपूरक अनुदान उपलब्ध गराउन सक्नेछः-

(क) कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण,

(ख) खानेपानी तथा सरसफाइ,

(ग) सिँचाई तथा नदी नियन्त्रण,

(घ) नवीनतम प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन,

(ङ) सामुदायिक विद्यालय भवन निर्माण,

(च) स्थानीय आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने पर्यटन पूर्वाधार निर्माण,

(छ) मध्यवर्ती क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि गरिने पूर्वाधार निर्माण,

(ज) सौर्य, वायु, जैविक लगायतका वैकल्पिक ऊर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार,

(झ) स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा प्रदेश लोकमार्ग र सो अन्तर्गतको सडक पुल,

(ञ) स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित पूर्वाधार,

(ट) विद्युत सेवाबाट बञ्चित रहेको तथा राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण,

(ठ) नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएको आयोजना वा कार्यक्रम।

(२) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानको लागि आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागत अनुमान देहाय बमोजिमको बजेट सीमाभित्र रहेको हुनु पर्नेछः-

(क) गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँदेखि सात करोड रुपैयाँसम्म,

(ख) उपमहानगरपालिका वा महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान तीन करोड रुपैयाँदेखि पन्ध्र करोड रुपैयाँसम्म,

(ग) प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान दश करोड रुपैयाँदेखि तिस करोड रुपैयाँसम्म।

(३) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रम बढीमा तीन वर्षभित्र सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ।

४. **समपूरक अनुदान माग गर्नेः** (१) योजना आयोगले प्रत्येक वर्ष मङ्सिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश वा स्थानीय तहबाट आगामी आर्थिक वर्षमा समपूरक अनुदानमा सञ्चालन गर्ने आयोजना वा कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना आयोगबाट प्रस्ताव माग भएपछि प्रदेश वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक वर्षको माघ मसान्तभित्र प्रदेशले सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् र स्थानीय तहले सोझै योजना आयोगमा समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको लागि त्यस्तो अनुदान माग गरी योजना आयोगले निर्धारण गरेको विद्युतीय प्रणाली मार्फत् अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८२/८३ का लागि आयोजना वा कार्यक्रम प्रस्ताव माग गर्ने र प्रस्ताव पेश गर्ने समयसीमा योजना आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(४) योजना वा कार्यक्रम प्रस्ताव गर्दा दफा ३ को उपदफा (२) बमोजिम क्रमागतसहित प्रदेशको हकमा बढीमा दश वटासम्म र स्थानीय तहको हकमा बढीमा तीन वटासम्म आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ।

तर यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको क्रमागत आयोजना वा कार्यक्रमको कुल लागत र लागत साझेदारी अनुपात साबिककै व्यवस्था बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम सम्बन्धी प्रस्ताव पेश गर्दा प्रदेश वा स्थानीय तह आफैंले वा निजी क्षेत्रसँगको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए सो कुरा समेत त्यस्तो प्रस्तावमा खुलाउनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम सूचना जारी भएपछि प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम सम्बन्धी प्रस्ताव माघ मसान्तभित्र योजना आयोगले तोकेको विद्युतीय प्रणाली मार्फत् सो आयोगमा पेश गर्नु पर्नेछ।

(७) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजात विद्युतीय (अनलाईन) प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान,

तर दश करोड रुपैयाँभन्दा माथि लागत अनुमान भएको आयोजना वा कार्यक्रमको हकमा विस्तृत परियोजना प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

(ख) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको विवरण,

(घ) स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णय र अनुसूची-२ बमोजिमको ढाँचामा शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण।

(८) उपदफा (६) बमोजिम आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा देहायका विवरण समेत स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई,

(ख) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना,

(ग) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(घ) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ङ) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(च) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये नेपाल सरकार र प्रदेश वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,

(छ) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा,

(ज) क्रमागत आयोजना वा कार्यक्रमको प्रस्ताव गरेको भएमा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण, र

(झ) योजना आयोगले निर्धारण गरेको अन्य विवरण।

‡(८क) प्रदेश तथा स्थानीय तहले आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा प्रस्तावसँग सम्बन्धित अनुसूची-२ बमोजिमको शर्त पुरा भएको प्रमाणित गर्ने फाराम तथा कागजात र अनलाइन प्रणालीमा प्रविष्टि भएका कागजातमा फरक परेमा वा अर्को कागजात प्रविष्टि गरेमा सम्बन्धित प्रदेश र स्थानीय तह जिम्मेवार हुनु पर्नेछ।

(९) उपदफा (१) बमोजिम समपूरक अनुदान माग गर्दा आयोजनाको कुल लागत रकममध्ये प्रदेश वा स्थानीय तहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेश गर्नु पर्नेछ।

(१०) प्रदेश र स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना वा कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट माग गर्नु पर्नेछ। त्यसरी बजेट माग नगरेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्पन्न गर्ने दायित्व सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ।

(११) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधिमा सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

५. **पुराना आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ प्रस्ताव गर्न नपाइने:** (१) प्रदेश वा स्थानीय तहले साबिकमा सञ्चालनमा भइराखेका आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको क्रमागत आयोजना वा कार्यक्रम र नयाँ आयोजना वा कार्यक्रम समेत गरी दफा ४ को उपदफा (४) बमोजिमको सङ्ख्यामा नबढ्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न बाधा पर्ने छैन।

६. **आयोजना वा कार्यक्रम सिफारिस समिति:** (१) समपूरक अनुदानमा प्रदेश वा स्थानीय तहबाट प्रस्ताव भएको आयोजना वा कार्यक्रम छनोट गरी सिफारिस गर्न योजना आयोगमा देहाय बमोजिमको एक आयोजना वा कार्यक्रम सिफारिस समिति रहनेछ:–

(क) योजना आयोगको उपाध्यक्षले तोकेको सो आयोगको सदस्य - संयोजक

‡ पहिलो संशोधनद्वारा थप

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहसचिव (प्रदेश समन्वय हेर्ने) - सदस्य

(ग) अर्थ मन्त्रालयको सहसचिव (वित्तीय सङ्घीयता हेर्ने) - सदस्य

(घ) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहसचिव (योजना हेर्ने) - सदस्य

(ङ) नेपाल सरकारको सम्बन्धित मन्त्रालयको सहसचिव (योजना हेर्ने) - सदस्य

(च) योजना आयोगको पूर्वाधार तथा उत्पादन महाशाखाको सहसचिव - सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **आयोजना वा कार्यक्रम छनोट गरी सिफारिस गर्ने:** (१) समपूरक अनुदानको लागि प्रस्ताव भएको आयोजना वा कार्यक्रमको समितिले देहायको आधारमा छनोट गरी योजना आयोगमा सिफारिस गर्नेछः-

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता, कुल लागत अनुमान, आयोजना वा कार्यक्रम कार्यान्वयन पश्चात् प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभ,

(ख) आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,

(ग) आयोजना वा कार्यक्रमको आवश्यकता भएको,

(घ) नेपाल सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको,

(ङ) प्रदेश वा स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित भएको,

(च) जनताको आयस्तर वृद्धि गरी गरिबी निवारणमा योगदान पुग्ने,

(छ) रोजगारी वृद्धि गर्ने,

(ज) निजी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम भए त्यस्तो सहकार्य दिगो र भरपर्दो देखिने आधार स्पष्ट भएको,

(झ) स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने,

(ञ) आवधिक योजनाले लिएको राष्ट्रिय प्राथमिकता र राष्ट्रिय उद्देश्यसँग मेल खाने र प्रादेशिक सन्तुलन कायम गर्न सहयोग पुग्ने।

§(२) समितिले आयोजना वा कार्यक्रम सिफारिस गर्दा उपदफा (१) मा उल्लिखित आधारका अतिरिक्त प्रस्ताव भई आएका आयोजना वा कार्यक्रम मध्ये क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिई नयाँ आयोजना वा कार्यक्रम छनौट गरी योजना आयोगमा सिफारिस गर्नु पर्नेछ।

---

§ पहिलो संशोधनद्वारा संशोधित

(३) समितिले आयोजना वा कार्यक्रम छनोट गर्दा एकमुष्ट बजेट विनियोजन नहुने गरी आयोजना वा कार्यक्रमगत रुपमा बजेट प्रस्ताव गर्नु पर्नेछ।

(४) समितिले आगामी आर्थिक वर्षको लागि आयोजना वा कार्यक्रम सिफारिस गर्दा निर्धारित बजेट सीमाभित्र रही चालू आर्थिक वर्षको चैत्र पन्ध्र गतेभित्र सिफारिस गरिसक्नु पर्नेछ।

(५) समितिले आयोजना वा कार्यक्रम सिफारिस गरिसकेपछि योजना आयोगले प्रदेश वा स्थानीय तहको आयोजना वा कार्यक्रम छनोट गरी सोको विवरण सहितको जानकारी **बैशाख बिस गतेभित्र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

††(६) समितिले आर्थिक वर्ष २०८२/८३ का लागि सिफारिस गरेका आयोजना वा कार्यक्रम बाहेक तोकिएको समय सीमा भित्र समपूरक अनुदान सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भएका अन्य आयोजना वा कार्यक्रमको हकमा अनुसूची-२ बमोजिमका कागजात पूर्ण रुपमा पेश नभए तापनि प्रदेश वा स्थानीय तहले ठेक्का प्रक्रियामा जानुपूर्व बाँकी कागजात पेश गर्ने शर्तमा प्रदेश मन्त्रिपरिषद्को निर्णय र प्राथमिकताक्रम वा स्थानीय कार्यपालिकाको निर्णय तथा प्राथमिकताक्रम र विनियोजित स्रोत समेतलाई आधार लिई योजना आयोगले आयोजना वा कार्यक्रम छनौट गर्न सक्नेछ।

‡‡(७) उपदफा (६) बमोजिम योजना आयोगले छनौट गरेका आयोजना वा कार्यक्रम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मा प्रविष्टि गर्नुपर्नेछ। त्यसरी प्रविष्टि भएका आयोजना वा कार्यक्रमको बजेट अख्तियारी तथा निकासा सम्बन्धित प्रदेश वा स्थानीय तहले नपुग बाँकी कागजात पेश नगर्दासम्म रोक्का हुनेछ।

§§(८) उपदफा (७) बमोजिम प्रदेश तथा स्थानीय तहको आयोजना वा कार्यक्रमको बजेट अख्तियारी वा निकासा रोक्का वा फुकुवा योजना आयोगको सिफारिसमा अर्थ मन्त्रालयले गर्नेछ।

८. **बजेट सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्ने:** (१) योजना आयोगले प्रदेश वा स्थानीय तहबाट समपूरक अनुदानमार्फत् कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआइएस) मा प्रविष्टि गर्नु पर्नेछ। प्रदेशको अर्थ मन्त्रालयले प्रदेश तहबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबीआइएस) र स्थानीय तहले स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा प्रविष्टि गर्नु पर्नेछ।

(२) नेपाल सरकारबाट सङ्घीय संसद्मा बजेट पेश भएपछि योजना आयोगले समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

** पहिलो संशोधनद्वारा संशोधित

†† पहिलो संशोधनद्वारा थप

‡‡ पहिलो संशोधनद्वारा थप

§§ पहिलो संशोधनद्वारा थप

९. **नेपाल सरकारले समपूरक अनुदान प्रदान गर्नेः** (१) नेपाल सरकारले योजना आयोगबाट छनोट भएको आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजनाको कुल लागत, प्रकृति, कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुन सक्ने उपलब्धि तथा आर्थिक, सामाजिक तथा पूर्वाधार विकास अवस्था र राजस्व क्षमता समेतको आधारमा स्थानीय तहलाई अनुसूची-३ बमोजिम र प्रदेशलाई अनुसूची-४ बमोजिमको रकम समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजीक्षेत्रसँगको साझेदारी रहेको, सार्वजनिक-निजी साझेदारीमा आधारित वा सहलगानीमा आधारित पूर्वाधार विकास सम्बन्धी कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गरिने रहेछ भने त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागतमध्ये प्रदेश वा स्थानीय तह र निजीक्षेत्रले व्यहोर्ने रकम बाहेक अपुग हुने सम्भाव्यता न्यून परिपूरक कोष (भायाविलिटी ग्याप फन्डिङ) रकमको अधिकतम पचास प्रतिशत नेपाल सरकारले समपूरक अनुदानको रूपमा सम्बन्धित प्रदेश वा स्थानीय तहलाई प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले प्रदेश वा स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा समपूरक अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही समपूरक अनुदान प्रदान गर्नु पर्नेछ।

(४) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि नेपाल सरकारले अनुदान उपलब्ध गराउँदा सम्बन्धित प्रदेश वा स्थानीय तहबाट उक्त आयोजना वा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा त्रैमासिक रूपमा रकम उपलब्ध गराइनेछ।

(५) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन भइरहेको आयोजना वा कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेश गरेपछि मात्र त्यस्तो आयोजना वा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराइनेछ।

१०. **समपूरक अनुदान प्रदान नगरिनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले देहायका विषय वा प्रकृतिका आयोजना वा कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्ने छैनः–

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी,

(ख) कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना वा कार्यक्रम,

(ग) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना वा कार्यक्रम,

(घ) दफा ३ को उपदफा (२) मा उल्लिखित न्यूनतम सीमाभन्दा कम कुल लागत अनुमान भएको आयोजना वा कार्यक्रम।

११. **मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेः** प्रदेश तथा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमलाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम तयार गर्नु पर्ने मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ।

१२. **अनुदान रकम खर्च गर्ने प्रक्रियाः** (१) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२) समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत् खर्च गर्न पाइने छैन।

(३) प्रदेश वा स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

(४) कोष तथा लेखा नियन्त्रक कार्यालयबाट समपूरक अनुदान निकासा माग गर्दा आयोजनाको खरिद योजना, खरिद सम्झौता र कार्य प्रगति विवरण पेश गर्नु पर्नेछ।

(५) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्चको प्रत्येक भुक्तानीमा तोकिएको अनुपातको पूर्ण पालना गरी विद्युतीय भुक्तानी प्रणालीमार्फत् भुक्तानी गर्नु पर्नेछ।

(६) समपूरक अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश वा स्थानीय तहको हुनेछ।

१३. **रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने**: प्रदेश तथा स्थानीय तहमा भएको समपूरक अनुदानको वित्तीय हस्तान्तरण रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहन गएमा त्यस्तो रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

१४. **आयोजना वा कार्यक्रमको नाम हेरफेर गर्न वा रकम रकमान्तर गर्न नहुने:** समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनोट भएको आयोजना वा कार्यक्रमको लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

१५. **निर्देशन दिन सक्ने**: (१) समपूरक अनुदानबाट सञ्चालित कुनै आयोजना वा कार्यक्रम त्यस्तो आयोजना वा कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन नभएमा, कायम गर्नु पर्ने गुणस्तर कायम गरेको नदेखिएमा, समयमा कार्य सम्पन्न नहुने अवस्था भएमा वा कुनै कारणले आयोजना वा कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नु पर्ने देखिएमा अर्थ मन्त्रालय वा योजना आयोगले प्रदेश वा स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) कुनै पूर्वाधार निर्माण सम्बन्धी आयोजना वा कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटि सच्याउने अवधि (डिफेक्ट लायबिलिटि पिरियड) वा निश्चित अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाइएमा अर्थ मन्त्रालय वा योजना आयोगले सोको छानबिन गरी प्रदेश वा स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक मर्मत सम्भार वा सुधारको लागि निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश वा स्थानीय तहको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम दिएको निर्देशनको जानकारी वा उपदफा (२) बमोजिम गरेको छानबिनको जानकारी निर्देशन दिने वा छानबिन गर्ने निकायले अर्को निकायलाई गराउनु पर्नेछ।

१६. **अनुगमन तथा प्रतिवेदनः** (१) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नियमित रूपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहले आयोजना वा कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन प्रदेशको हकमा योजना आयोग तथा स्थानीय तहको हकमा योजना आयोग र सम्बन्धित जिल्ला समन्वय समितिमा पेश गर्नु पर्नेछ।

(३) समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा सञ्चालन भए वा नभएको सम्बन्धमा प्रदेशबाट कार्यान्वयन भएको आयोजना सम्बन्धित प्रदेश योजना आयोगले र स्थानीय तहबाट कार्यान्वयन भएको आयोजनाको सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गरी आवश्यक सुझाव दिन सक्नेछ। त्यसरी दिइएको सुझाव सहितको अनुगमन प्रतिवेदन अनुगमन गर्ने निकायले योजना आयोगमा पेश गर्नु पर्नेछ।

(४) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गरिएको आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरी योजना आयोगले निर्धारण गरेको विद्युतीय प्रणालीमा त्रैमासिक रूपमा प्रविष्टि गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदन सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा समेत पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम विद्युतीय प्रणालीमार्फत् प्राप्त भएको प्रगतिको आधारमा योजना आयोगले वार्षिक रूपमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ।

(६) प्रदेश वा स्थानीय तहले सञ्चालन भइरहेको आयोजना वा कार्यक्रमको काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना वा कार्यक्रम स्थलमा "आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नु पर्नेछ।

(७) प्रदेश वा स्थानीय तहले सञ्चालन गरेको आयोजना वा कार्यक्रमको सम्बन्धित विषय विज्ञ, लाभग्राही वर्ग र स्थानीय समुदाय वा सरोकारवाला र नागरिक समाजको सहभागितामा वर्षको कम्तीमा दुई पटक सार्वजनिक परीक्षण तथा वर्षको एक पटक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सार्वजनिक सुनुवाई गर्दा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

१७. **अनुदान रोक्का वा कट्टा गर्न सकिनेः** (१) समपूरक अनुदानबाट सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमको लक्षित उद्देश्य अनुरूप कार्य प्रगति हुन नसकेमा, मङ्सिर मसान्तभित्र ठेक्का सूचना हुन नसकेमा वा अर्थ मन्त्रालय वा योजना आयोगले दफा १५ बमोजिम दिएको निर्देशन पालना नगरेमा वा पेश गर्नु पर्ने प्रगति प्रतिवेदन पेश नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरूप भएको नपाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा अर्थ मन्त्रालयले समपूरक अनुदान रकम सोही आर्थिक वर्ष वा आगामी आर्थिक वर्षहरूमा प्रदान गरिने समपूरक अनुदान रकमबाट रोक्का राख्न वा कट्टा गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहले प्रगति प्रतिवेदन पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गरेमा त्यसरी रोक्का राखेको रकम अर्थ मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

१८. **<u>आयोजना वा कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी:</u>** समपूरक अनुदानबाट सम्पन्न भएको आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ। त्यस्तो आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि नेपाल सरकारले कुनै दायित्व वहन गर्ने छैन।

१९. **<u>अधुरा आयोजना सम्बन्धी विशेष व्यवस्था:</u>** (१) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट विगत आर्थिक वर्षमा कार्यान्वयन गरेको निर्धारित समयमा सम्पन्न हुन नसकी यो कार्यविधि प्रारम्भ हुँदाका बखतसम्म अधुरै रहेको पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न गर्न सकिने अवस्था भएमा त्यस्तो आयोजना सम्पन्न हुन सक्ने पर्याप्त आधार र कारण खुलाई एक पटकको लागि दफा ४ बमोजिम प्रस्ताव पेश गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव भएको आयोजनालाई योजना आयोगले आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न हुन सक्ने भएमा छनोट गर्न सक्नेछ। त्यसरी अनुदान उपलब्ध गराइएको अधुरो आयोजना प्रचलित खरिद कानूनको अधीनमा रही सोही आर्थिक वर्षभित्र सम्पन्न गर्नु पर्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि योजना आयोगले प्रस्ताव पेश गर्ने प्रदेश वा स्थानीय तहबाट थप पुष्ट्याईं माग गर्न वा आवश्यकता अनुसार स्थलगत अध्ययन समेत गर्न वा गराउन सक्नेछ।

२०. **<u>कार्य सम्पन्न भएको आयोजनाको दायित्व भुक्तानी सम्बन्धी विशेष व्यवस्था</u>**: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८०/८१ सम्म समपूरक अनुदानबाट सञ्चालन भई सिर्जित दायित्व प्रमाणित भएको तर चालू आर्थिक वर्षको विनियोजनमा नपरेको आयोजनाको हकमा आर्थिक वर्ष २०८१/८२ मा समपूरक अनुदानमा विनियोजित बजेट खर्च नभई बचत हुने रकमबाट त्यस्तो दायित्वको फरफारक गर्न कार्यक्रम संशोधनको लागि योजना आयोगले अर्थ मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

२१. **<u>अनुसूचीमा हेरफेर</u>**: अर्थ मन्त्रालयले योजना आयोगको परामर्शमा यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

२२. **<u>खारेजी र बचाउ:</u>** (१) समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची -१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

समपूरक अनुदान प्रस्ताव गर्ने फाराम

(१) अनुदान माग गर्ने प्रदेश वा स्थानीय तहको नामः

(२) ठेगानाः

(३) सम्पर्क फोन ..... फ्याक्स.....इमेलः.....

(४) आयोजना वा कार्यक्रमको नामः

(५) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थानः

(६) आयोजना वा कार्यक्रमको अनुमानित कुल लागतः

(७) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण:

(८) आयोजना वा कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसङ्ख्याः

(९) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने आर्थिक वर्ष :

(१०) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये नेपाल सरकार र प्रदेश वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण:

(११) आयोजना वा कार्यक्रममा निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकमः

(१२) निजीक्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा:

(१३) नेपाल सरकारले समपूरक अनुदान मार्फत् व्यहोर्ने प्रस्तावित रकमः

(१४) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई:

(१५) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना:

(१६) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति:

(१७) संलग्न आवश्यक कागजातहरू:

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान,

(ख) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण क्रमबद्धता स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णय र अनुसूची-२ बमोजिमको प्रमाणित फाराम,

(घ) दश करोडभन्दा माथि लागत अनुमान भएका आयोजना वा कार्यक्रमको हकमा विस्तृत परियोजना प्रतिवेदन,

(ङ) योजना आयोगले निर्धारण गरेका अन्य विवरण तथा कागजात।

सचिव/प्रमुख प्रशासकीय अधिकृतको,
दस्तखतः
पदः
मितिः

अनुसूची–२

(दफा ४ को उपदफा (७) को खण्ड (ग) सँग सम्बन्धित)

<u>समपूरक अनुदानको लागि शर्त पूरा भएको प्रमाणित गर्ने फाराम</u>

..... *(प्रदेश सरकार/स्थानीय तहको नाम)*

..... *(ठेगाना)*

समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम		
आयोजना वा कार्यक्रमको नाम	प्राथमिकताक्रम	नयाँ/क्रमागत
१)		
२)		
३)		
...		

१. आयोजना वा कार्यक्रमको कुल लागत निर्धारित सीमाभित्र रहेको,

२. आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको,

३. आयोजना वा कार्यक्रम स्थानीय तहको आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

४. आयोजना वा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत लागत अनुमान स्वीकृत भएको,

५. आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको,

६. दश करोड रुपैयाँभन्दा माथि लागत अनुमान भएको आयोजना वा कार्यक्रमको हकमा विस्तृत परियोजना प्रतिवेदन तयार स्वीकृत भएको,

७. आयोजना वा कार्यक्रमको कार्यान्वयन कार्ययोजना तयार भएको,

८. नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेशले कार्यान्वयन गरिरहेको र स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमसँग दोहोरो नपरेको,

९. क्रमागत आयोजना सहित स्थानीय तहको हकमा अधिकतम तीन वटासम्म तथा प्रदेश सरकारको हकमा अधिकतम दश वटासम्म आयोजना वा कार्यक्रमहरू प्रस्ताव गरेको,

१०. क्रमागत तथा नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्नको लागि आयोजना वा कार्यक्रमको प्राथमिकीकरण विवरण (स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय तथा प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णय) भएको,

११. आयोजना वा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको,

१२. आयोजना वा कार्यक्रमको दिगोपनको सन्दर्भमा व्यवस्थापन तथा सञ्चालन सुनिश्चितता भएको,

१३. आयोजना वा कार्यक्रमको लागि आवश्यक पर्ने जग्गा प्राप्त भएको,

१४. आयोजनाको निर्माणस्थलको निर्माण स्थल तयारी (Site Clearance) भएको।

आयोजना वा कार्यक्रम प्रस्तावसँग सम्बन्धित माथिका शर्तहरू पूरा भएको प्रमाणित गर्दछु।

तयार गर्नेको,-	प्रमाणित गर्नेको,-
नाम थर:	नाम थर:
पद:	पद:
दस्तखतः	दस्तखतः
मितिः	मितिः

प्रमाणित गरिए बमोजिम योजना आयोगको
समपूरक अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको,-
नाम थर:
पद:
दस्तखतः कार्यालयको छापः
प्रविष्टि मिति:

नोटः- यो फाराम प्रमाणित गर्दा देहायका पदाधिकारीले तयारी, प्रमाणित र समपूरक अनुदान प्रणालीमा प्रविष्टि गर्नेले अनिवार्य रूपमा दस्तखत गर्नु पर्नेछः-

क. प्रदेशको हकमा- तयार गर्ने महलमा प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (योजना महाशाखा प्रमुख), प्रमाणित गर्ने महलमा प्रमुख सचिव र प्रविष्टि गर्ने महलमा आयोजना वा कार्यक्रम समपूरक अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको नाम, पद र दस्तखत गर्नु पर्नेछ।

ख. स्थानीय तहको हकमा- तयार गर्ने महलमा प्रमुख प्रशासकीय अधिकृतको र प्रमाणित गर्ने महलमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख र प्रविष्टि गर्ने महलमा आयोजना वा कार्यक्रम समपूरक अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको नाम, पद र दस्तखत गर्नु पर्नेछ।

अनुसूची–३

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

आर्थिक, सामाजिक, पूर्वाधार अवस्था र राजस्व क्षमता अनुसार स्थानीय तहको वर्गीकरण

(क) **विधिः**

१. **आन्तरिक राजस्व सङ्कलन सूचकाङ्कः** आर्थिक वर्ष २०७७/७८ को स्थानीय तहमा गएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँट, आन्तरिक राजस्व सङ्कलनको साथै स्थानीय तहको कुल राजस्वको स्रोतहरू र त्यस अन्तर्गतको खर्चहरूको विश्लेषण गरिएको छ। उल्लिखित तथ्याङ्कको आधारमा प्रत्येक स्थानीय तहको राजस्व एकाग्रता सूचकाङ्क मापन गरिएको छ। स्थानीय तह राजस्व एकाग्रता सूचकाङ्कले विद्यमान राजस्व सङ्कलनको अवस्थालाई मापन गर्दछ। तर कुनै स्थानीय तहले आन्तरिक राजस्व उठाउन सक्ने क्षमता हुँदाहुँदै पनि आन्तरिक राजस्व नउठाएका हुन सक्दछन्। विद्यमान आन्तरिक राजस्व सङ्कलन मात्र होइन भविष्यमा पनि आन्तरिक राजस्व सङ्कलनलाई उत्तिकै प्राथमिकता दिनु पर्ने हुन्छ। विद्यमान आन्तरिक राजस्व सङ्कलनलाई मात्र प्राथमिकता दिइयो भने स्थानीय तहलाई आन्तरिक राजस्व उठाउनको लागि प्रोत्साहित नहुन सक्दछ। तसर्थ भविष्यमा उठाउन सकिने आन्तरिक राजस्व सम्भावनालाई स्थानीय तहको भौगोलिक क्षेत्रभित्र रहेका उद्योगधन्दा र उद्योगधन्दा (प्रतिष्ठान)हरूले उत्पादन गरेका वस्तु वा सेवाको माग गर्न सक्ने घरपरिवारको क्षमता समेतलाई ध्यानमा राखिएको र स्थानीय तह उद्योगधन्दा एकाग्रता सूचकाङ्क र स्थानीय तहको समृद्धिको अवस्थाबीच अन्तर्क्रिया हुँदा वस्तु र सेवाको उत्पादन र त्यसको घरपरिवारबाट हुन सक्ने मागलाई प्रतिनिधित्व गर्ने हुन्छ। उपरोक्त सूचकाङ्कको उपयोगबाट स्थानीय तहले आन्तरिक राजस्व सङ्कलन गर्न सक्ने सम्भावना आकलन गर्न सकिन्छ। त्यसै अनुसार स्थानीय तहले आन्तरिक राजस्व सङ्कलन गर्न सक्ने सम्भावनालाई सङ्केत गर्ने सूचकाङ्क निर्माण गरिएको छ।

२. **समृद्धिको अवस्थाः** राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संवत् २०७८ साल कार्तिक २५ गतेदेखि मङ्सिर ०९ गतेसम्म नेपाल जनसङ्ख्या तथा आवास गणना गरिएको थियो। घरेलु विशेषताहरू, सेवा उपयोगिताहरू र सुविधाहरूको तथ्याङ्क उपयोग गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुसार "**सम्पत्ति सूचकाङ्क**" निर्माण गरेको छ। सम्पत्ति सूचकाङ्क १७ वटा कारक तत्त्वहरूमा आधारित छ, जसमा नौ घरेलु सम्पत्ति, चार सेवाहरू र चार आवास गुणस्तर चरहरू समावेश छन्। यी कारकहरूभित्र घरको जगमा प्रयोग हुने सामग्री, घरको बाहिरी भित्तामा प्रयोग गरिने सामग्री, घरको छतमा प्रयोग गरिने सामग्री, घरको भुइँमा प्रयोग हुने सामग्री, पिउने पानीको मुख्य स्रोत, खाना पकाउने इन्धन, प्रकाशको लागि प्रयोग गरिने इन्धन, शौचालय सुविधाको उपलब्धता र प्रकार, टेलिभिजन, ल्यान्डलाइन फोन, स्मार्ट मोबाइल फोन, कम्प्युटर वा ल्यापटप, घरमा इन्टरनेट, कार, जीप वा भ्यान, मोटरसाइकल वा स्कुटर, फ्रिज र लुगा धुने मेसिन जस्ता घरेलु सम्पत्तिहरू सम्पत्ति जनाउने तत्त्वहरू समावेश गरिएको छ। त्यस्तो सम्पत्ति सूचकाङ्कलाई अति गरिबी, गरिबी, मध्यम, धनि, अति धनि गरीपञ्चांशमा विभाजन गरिएको छ। उक्त पञ्चांशमध्ये अति धनि र धनिलाई स्थानीय तहको समृद्धिको सूचकाङ्कमा समावेश गरिएको छ। सो सूचकाङ्कले

घरपरिवारमा भएको सम्पत्तिको आधारमा स्थानीय तहको समृद्धिको अवस्था सङ्केत गरेको छ।

३. **<u>उद्योगधन्दा एकाग्रता सूचकाङ्कः</u>** राष्ट्रिय तथ्याङ्क कार्यालयले २०७५ सालमा आर्थिक गणना (Economic Census) गरेको थियो। आर्थिक गणनाले प्रत्येक स्थानीय तहमा भएका प्रतिष्ठानहरूको लगत तयार गरेको थियो। देशभरिको उद्योगधन्दा (प्रतिष्ठान)हरूको सङ्ख्या र सम्बन्धित पालिकामा भएको उद्योगधन्दाहरूको प्रयोग गरी प्रत्येक स्थानीय तहको प्रतिष्ठान एकाग्रता सूचकाङ्क निर्माण गरिएको छ।

